# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को दफा(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

**सूचना सार्वजनिक गरेको अवधिः २०७६ माघ देखि २०७६ चैत्रमसान्त सम्म**

## १. निकायको स्वरुप र प्रकृतिः

"ग्रामीण महिलाका लागि उत्पादन ऋण व्यवस्था कार्यक्रम" को रुपमा आ.व. २०३९।०४० मा शुरु भएको महिला विकास अभियान कार्यक्रमहरुबाट प्राप्त उपलव्धी, अनुभव र समसामयिक आवश्यकताका आधारमा २०५२ असोज ६ गते "महिला तथा समाज कल्याण मन्त्रालय" को स्थापना भयो । महिला तथा समाजका विभिन्न वर्गको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्दै दिगो शान्ति एवं विकासमा उनीहरुको भूमिकालाई सशक्त बनाउने कार्यमा संलग्न महिला तथा समाज कल्याण मन्त्रालयको नाम बालबालिकालाई अझ उच्च प्राथमिकता दिने हेतुले २०५७ मा मन्त्रालयको नाम परिवर्तन गरी "महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय" नामाकरण गरियो । २०७५ सालबाट यस मन्त्रालयको नाम महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय रहेको छ ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ आनुसार महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको कार्यक्षेत्र भित्र महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकनको साथै अध्ययन, अनुसन्धान तथा सर्वेक्षणका विषयहरु तोकिएका छन् । यसैगरी अनाथ बालबालिका, असहाय महिला, बृद्धरबृद्धा, अपाङ्गता भएका व्यक्तिहरु रअशक्तको संरक्षण, बालबालिकाको कल्याण, ज्येष्ठ नागरिकको सुरक्षा र कल्याण, महिला कल्याण तथा सीप विकास पनि यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछन् । यस मन्त्रालयको दायरा भित्र राष्ट्रिय महिला आयोग, समाज कल्याण परिषद्, समाज कल्याण केन्द्र बृद्धाश्रम र बाल मन्दिरका विषयहरु पनि पर्दछन् ।

महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ र संस्थासंग सम्पर्क र समन्वय तथा परिचालन र सरकारी तथा गैर सरकारी संघरसंस्थाद्वारा कार्यान्वयन गरिएका महिला, बालबालिका तथा समाज कल्याण सम्बन्धी कार्यक्रमको अनुगमन गर्ने लगायत धर्मपुत्र र धर्मपुत्री, लैंङ्गकि हिंसा सम्बन्धी विषयहरु पनि नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्न आउदछ ।

यसरी विभिन्न नीति, ऐन, नियम (कानूनहरु), दीर्घकालीन तथा आवधिक योजनाहरु, नेपाल पक्ष भएका क्षेत्रीय एवं अन्तर्राष्ट्रिय महासन्धि तथा इच्छाधिन आलेखहरु, नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सभा(सम्मेलनहरु यस मन्त्रालयका कार्यदिशका आधारहरु हुन । यस बमोजिम मन्त्रालयले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र तेश्रो लिङ्गी समेतको लागि समय सापेक्ष नीति

निर्माण, समन्वय र सहकार्य तथा कार्यक्रम संचालन(मूलतः सचेतना अभिबृद्धि र सशक्तिकरण गर्ने कार्य गर्दछ ।

समग्रतामा मूलप्रवाहीकरण, सशक्तिकरण र समावेशीकरण जस्ता रणनीतिको आधारमा समतामय सम्पन्न समुदाय निर्माण गर्न विभिन्न विपन्न वर्गका लागि समयको प्रवाहसंगै सार्थक पहल गर्ने उद्देश्यपूर्तिका लागि महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय स्थापना भएको हो ।

## २. निकायको काम, कर्तव्य र अधिकारः

**नेपाल सरकार कार्यविभाजन नियमावली २०७४ बमोजिम महिला, बालबालिकातथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यक्षेत्र**

१) महिलाहकएवं सशक्तिकरणसम्बन्धी नीति, कानून र मापदण्ड,
२) अन्तरदेशीयधर्मपुत्र, धर्मपुत्री,
३) महिला हिंसा, मानव बेचबिखनतथाओसारपसार नियन्त्रण,
४) जेष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्ति सम्बन्धी,
५) महिला सशक्तिकरण तथा लैङ्गिक समानताका विषयमा अध्ययन, अनुसन्धान,
६) लैङ्गिक हिंसासम्बन्धीनिरोधात्मक र पुनरुथापनासम्बन्धीनीति, कानून र मापदण्ड,
७) बालबालिका, बालकल्याण, उद्धार, पुनरुथापना र बृद्धाश्रमसम्बन्धी नीति, कानून, र मापदण्ड,
८) गैरसरकारी संस्थासम्बन्धी नीति, कानून, मापदण्ड, नियमन र अनुगमन,
९) राष्ट्रिय महिला आयोग,
१०) समाज कल्याण परिषद्,
११) मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
१२) मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनीआदिको सञ्चालन र नियमन ।

## ३. निकायमा रहने कर्मचारी सख्या विवरणः

**संगठन संरचना**

- महिला, वालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयः दरबन्दी संख्या ८६
- महिला तथा वालबालिका बिभाग : दरबन्दी संख्या १९
- समाज कल्याण परिषद : दरबन्दी संख्या १७०
- केन्द्रिय बाल कल्याण समिति : दरबन्दी संख्या ४०(अस्थाई रपरियोजनाका समेत)
- पशुपती वृद्धाश्रम : दरबन्दी संख्या २९(अस्थाई र करार समेत)
- बाल सुधार गृहः भक्तपूर, कास्की, मोरङ, मकवानपूर, डोटी, रुपन्देही, बाँके, पर्सा
- बाल गृहः मोरङ, सप्तरी, रुपन्देही
- दिवाशिशु स्याहार केन्द्रः सिंहदरवार

## ४. निर्णय गर्ने प्रक्रिया र अधिकार

- मन्त्रालयको आन्तरिक व्यवस्थापनको लागि ३ चरण
- क्याविनेटमा जाने प्रस्तावको लागि ४ चरण

## ५. निर्णयउपर उजुरी सुन्ने अधिकारी

- उजुरी सुन्ने अधिकारी उप सचिव श्री निशानराज गौतम ( कर्मचारी प्रशासन शाखा) गुनासो उपर पुनारावेदन सुन्ने अधिकारी सह-सचिव श्री ज्ञानेन्द्र पौडेल (कर्मचारी प्रशासन महाशाखा)

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रालयको संगठनिक संरचना**



**७. सूचना अधिकारी र प्रमुखको नाम र पद**

सचिव, श्री यम कुमारी खतिवडा, सम्पर्क नम्बर ४२००४०८

सूचना अधिकारी श्री सुनिता नेपाल (उपसचिव), सम्पर्क नम्बर ४२००२७५

**८. नीति, राष्ट्रिय कार्ययोजना, ऐन, नियम तथा निर्देशिकाको सूचीः**

**क) राष्ट्रिय कार्ययोजनाहरू**

- बालबालिका सम्वन्धि राष्ट्रिय नीति २०६९
- ज्येष्ठ नागरिक सम्वन्धी कार्ययोजना, २०६२,
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (ऋभ्म्बध्) कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६०
- लैङ्गिक समानता तथा महिला सशक्तिकरण (बेइजिङ्ग कार्ययोजना) कार्यान्यनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, २०६१
- मानव बेचविखन विशेष गरी महिला तथा वालवालिकाहरूको बेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८
- अपाङ्गता सम्बन्धी १० वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना (२०७३–२०८२)
- राष्ट्रपति महिला उत्थान कार्यक्रम १० वर्षे रणनीति योजना, २०७५
- महिला उद्यमशिलता विकास र वित्तिय पहुँच सम्वन्धी अवधारणा, २०७५

**ख) ऐन, निर्देशिका, रणनीति, कार्यविधि तथा मापदण्डहरू**

**बालबालिकासम्बन्धी**

- बालविवाहअन्त्यकोलागिराष्ट्रियरणनीति,२०७२
- बालबालिकासम्बन्धी ऐन २०७५
- बालबालिकासम्बन्धीनियमावली,२०५१
- आपत्कालीन बाल उद्धार कोष (सञ्चालन) नियमावली, २०६७
- बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४
- आवासीय बाल गृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९
- सडक बालबालिकाको व्यवस्थापन मार्गदर्शन,२०७२
- बालविवाहा विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि, २०७५
- सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि, २०७५
- बालगृहसंचालन कार्यविधि २०७५
- बाल संरक्षण आर्थिक राहत सहयोग, कार्यविधि, २०७६

- सिंहदरवार परिसर भित्र निजामती कर्मचारीका शिशुहरुको लागि संचालित दिवा शिशुस्याहार केन्द्र संचालन कार्यविधि २०७१
- सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदर्शन, २०७२

**महिलासम्बन्धी**

- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (नियन्त्रण) ऐन, २०७१
- बोक्सी आरोप विरुद्धको कसुर र सजाय ऐन, २०७२
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५
- एकल महिला सुरक्षा कोष नियमावली, २०७०
- लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७
- छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६४
- पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका (पहिलो संशोधन) २०७२
- पुनस्थापना कोष सञ्चालन निर्देशिका, २०६८
- मानव बेचबिखन विरुद्धको अभियानमा संलग्न सरोकारहरूकालागि मनोसामाजिक मनोविमर्श निर्देशिका, २०६८
- मानव बेचबिखन तथा ओसारपसार्बाट पीडित र प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६४
- मानव बेचबिखन तथा ओसारपसर विरुद्धको राष्ट्रिय समितिको सदस्य छनौट मापदण्ड, २०७४
- श्रमजीवी महिलाहरुप्रति डान्स रेष्टुरेन्ट, डान्सबार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५
- एकल महिला सुरक्षा कोष सञ्चालन मापदण्ड, २०७१
- लैंगिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल (Male Leader Network) परिचालन सम्बन्धी कार्यविधि, २०७५
- लैंगिक हिंसा पीडितको तत्काल उद्धार, राहत, न्यायमा पहुँच तथा पुनरुथापना सम्बन्धी नमूना कार्यविधि, २०७६
- राष्ट्रपति महिला उत्थान कार्यक्रम संचालन कार्यविधि, २०७४
- राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि, २०७५
- दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७५
- राष्ट्रपति महिला उत्थान बहुआयामिक नमुना ग्राम स्थापना, सञ्चालन तथा व्यवस्थापनको कार्यक्षेत्रगत शर्त, २०७५
- मानव बेचबिखन विरुद्धको स्थानीय समिति (गठन तथा परिचालन निर्देशिका), २०७०)
- अल्पकालिन सेवा केन्द्रको नमुना कार्यक्षेत्रगत शर्त (Terms of Reference), २०७४
- दीर्घकालीन मंगलासहाना पुनरुथापना केन्द्र स्थापना सम्वन्धी कार्यक्षेत्रगत शर्तहरु २०७५

**अपाङ्गता भएका व्यक्ति सम्बन्धी**

- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४(संशोधित)
- अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१
- अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरण कार्यविधि (नमूना),२०७५
- सि.वि.आर. कार्यक्रम सञ्चालन निर्देशिका, २०६८
- अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९
- पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको लागि आवासीय पुनस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७२
- अपाङ्गता भएका व्यक्तिहरूको क्षेत्रमा काम गर्ने संस्थालाई स्थानीय तह मार्फत उपलब्ध गराउने अनुदान सम्बन्धी (नमूना) कार्यविधि २०७५
- अपाङ्गता सम्बन्धी सूचना तथा सहयोगी कक्ष (हेल्पडेक्स) संचालन सम्बन्धी कार्यविधि, २०७१
- सी.बी.आर. कार्यक्रम कार्यान्वयन गर्नको लागि संस्था छनौट सम्बन्धी मापदण्ड, २०७१
- सी.बी.आर. कार्यक्रम संचालनसम्बन्धी खर्च विधि, २०७२
- सार्वजनिक एवं सेवा प्रदायक संस्था बीचको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुको आवासीय पुनर्स्थापना सेवा सञ्चालन विधि, २०७२

**ज्येष्ठ नागरिक सम्बन्धी**

- ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३
- ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५
- ज्येष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२
- ज्येष्ठ नागरिकको क्षेत्रमा काम गर्ने संस्थाले स्थानीय तहमार्फत उपलब्ध गराउने अनुदान सम्बन्धी नमूना कार्यविधि, २०७५
- ज्येष्ठ नागरिक स्वास्थ्योपचार सेवा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६१
- ज्येष्ठ नागरिक परिचय पत्र — वितरण निर्देशिका, २०७४
- केन्द्रीय ज्येष्ठ नागरिक समितिमा सदस्यको  मनोनयन सम्बन्धी मापदण्ड, २०७५

**अन्य**

- स्थानीय तहमा महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपांगता विषय हेर्ने कर्मचारीको नमूना कार्यविवरण
- स्थानीय तहमा सञ्चालन गरिने महिला विकास कार्यक्रमको परिचय, उद्देश्य र कार्यान्वयन विधि

**९. आ व २०७६।७७ को माघ देखि चैत सम्मको प्रगति**

## महिला सम्बन्धी

- २०७६ माघ देखि चैत सम्म १७ जना दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको हवाई उद्दार गरी स्वास्थ्य संस्था सम्म पुर्याइएको । यो आ व मा ६५ जनाको उद्दार गरिएको ।

- ५ वटा प्रदेशका १७६ जना महिला उद्ममीहरुलाई उद्यमशीलता विकास तथा वित्तीय पहुँच सम्बन्धी तालिम प्रदान ।

- प्रदेशस्तरको ४ वटा प्रदर्शनीमा ५५ वटा स्टलमा ११० जना महिला उद्यमीहरुलाई सहभागी गराईएको ।

- जीविकोपार्जन सुधार कार्यक्रम संचालन कार्यविधि २०७६ मन्त्रिपरिषदबाट मिति २०७६/९/१४ मा स्वीकृत भएको । यस कार्यक्रम अन्तर्गत मानव विकास सूचाङ्काकमा पछाडि परेका ५५ जिल्लाका ३१५० महिलाहरुलाई सीप विकास तालिम तथा बीउपुजी उपलब्ध गराउने कार्यक्रम रहेको छ ।जसका लागि प्रस्ताव आवहान गर्दै सूचना प्रकाशन भए बमोजिम प्राप्त ९७ वटा संस्थाहरुको प्रस्ताव छनौटका लागि मूल्यांकन समिति बाट प्रस्तावहरुको मूल्यांकन गर्ने कार्य भईरहेको ।लकडाउनका कारण संस्थाहरुसँगको सम्झौता अगाडि बढाउन नसकिएको ।

- आ. व २०७६।७७ लाई लैगिंक हिंसा विरुद्धको अभियान वर्षका रुपमा मनाउने घोषणा बमोजिम संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याईएको ।

- BPFA को २५ बर्षको समिक्षा प्रतिवेदन तयार गरी परराष्ट्र मन्त्रालयमार्फत संयुक्त राष्ट्र संघीय स्थायी नियोग र UNESCAP मा पठाइएको ।

- कुरीति विरुद्ध सन्देशमूलक विज्ञापन, Documentary, TVC Jingle, Song, Talk Show विभिन्न संचार माध्यमहरुबाट प्रसारण भईरहेको

- अन्तर्राष्ट्रिय विमानस्थल एवं साझा यातायातका ४६ वटा बसमा डिजिटल डिस्प्लेद्धारा लैगिक हिंसा विरुद्धको सचेतनामूलक सन्देश, विज्ञापन एवं कानुनी प्रावधान प्रसारण भैरहेको ।

- मन्त्रालयको कार्यक्षेत्र सँग सम्बन्धित विषयमा नेपाल टेलिभिजनमा संघर्ष पहल नामक Talk show प्रसारण भईरहेको ।

- छाउगोठ उन्मूलन तथा मर्यादित महिनावारी प्रवर्द्धन सम्बन्धी राजनैतिक नेतृत्वको अगुवाईमा अछामको साँफेबगर बयलपाटामा छाउगोठको स्थलगत अनुगमन र मंगलसेन, दैलेखको दुल्लु नगरपालिका तथा कर्णाली प्रदेशको सुर्खेतमा करिब १६०० सयको सहभागितामा अभियान संचालन गरिएको ।सो अभियानमा छाउगोठ अन्त्य गर्न १६ बुँदे घोषणापत्र अछाममा जारी गरिएको । त्यसैगरी मर्यादित महिनावारी प्रवर्दन, जातिय

छुवाछुत र बालविवाह अन्त्यका लागि तीनै तहको सरकारको साझा प्रतिवद्धतापत्र सुर्खेतमा जारी भएको।

- हिंसा प्रभावित महिलाका लागि दीर्घकालीन पुनर्स्थापना केन्द्र निर्माण एवं संचालन गर्न प्रत्येक प्रदेशलाई रु २०/२० लाखका दरले १ करोड रुपैंया सशर्त अनुदान पठाइएको ।
- लैङ्गिक हिंसा निवारण कोष नियमावली २०६७ (संशोधन २०७६) बमोजिम प्रदेश र स्थानीय तहमा कोष स्थापना गर्न सशर्त अनुदान पठाइएको ।
- लैङ्गिक हिंसा पीडितका लागि संचालित २१ वटा अल्पकालीन सेवा केन्द्र संचालनका लागि रु. ३,००००० ।- का दरले जम्मा रु. ६३,००,००० ।-ससर्त अनुदान स्थानीय तहमार्फत पठाइएको ।
- ७ वटा प्रदेशका २/२ जना जेहेन्दार विपन्न किशोरीहरुलाई प्राविधिक उच्च शिक्षाको लागि अनुदान उपलब्ध गराउने कार्यविधि २०७६ सहित प्रदेश सामाजिक विकास मन्त्रालयमा सशर्त अनुदान पठाइएको।
- स्थानीय तहहरुका जनप्रतिनिधि तथा सामाजिक विकास शाखाका कर्मचारीहरुलाई प्रजनन स्वास्थ्य, महिला अधिकार र लैङ्गिक हिंसा सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिएको।
- दश जिल्लामा संचालित पुर्नस्थापना केन्द्रबाट आर्थिक वर्ष २०७६/७७ को फागुणसम्म जोखिम तथा बेचबिखन पीडित १२६८ महिलाहरुले सेवा लिएका छन् ।
- मानव वेचविखन तथा ओसार पसारवाट पीडित सिन्धुपाल्चोककी महिला श्री अनिता तामाङलाई रु ३,००,०००। (अक्षरुपी रु तीन लाख) रकम क्षतिपुर्ति उपलव्ध गराइएको।
- विभिन्न देशमा मानव वेचविखन तथा ओसारपसारका कारण अलपत्र परेका नेपाली महिलाहरुको उद्धारको लागि एक संयन्त्र गठन गरिएको ।
- मानव वेचविखन तथा ओसारपसार नियन्त्रण नियमावली २०६५ लाइ शंसोधन गरी संघीय संरचना अनुरुप वनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रस्ताव पठाइएको ।
- मानव वेचविखन तथा ओसारपसारवाट पीडित तथा प्रभावितहरुको लागि विभिन्न जिल्लामा संचालित पुर्नस्थापना केन्द्रका व्यवस्थापक, संचालक तथा स्थानीय तहका कर्मचारीहरुवीच अन्तरक्रिया कार्यक्रम गरी पुर्नस्थापना केन्द्र संचालनमा परेका समस्या तथा केन्द्रहरुवाट भएका उदाहरणीय कार्यहरुको प्रस्तुतीका साथै अन्य निकायहरुसँगको समन्वयलाइ कसरी प्रभावकारी वनाउने सम्वन्धमा छलफल गरिएको ।
- मानव वेचविखन तथा ओसारपसार नियन्त्रण नियमावली २०६५ लाइ शंसोधन गरी संघीय संरचना अनुरुप वनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रस्ताव पठाइएको ।

- मानव वेचविखन तथा ओसारपसारवाट पीडित तथा प्रभावितहरुको लागि पर्सा जिल्लामा रहेको पुर्नस्थापना केन्द्रको अवलोकन गर्नुका साथै पीडित प्रभावितहरुको उद्धार तथा संरक्षणको क्रममा देखापरेका समस्या र समस्या समाधानका लागि सुझाव प्रदान गरिएको।

<u>बालबालिका सम्बन्धी</u>

- यो आ व मा ५१५ जना (१०७ दोहोरिएका समेत ) सडक बालबालिकाको उद्धार, पुनर्स्थापना, संरक्षण, पारिवारिक पुनर्मिलन तथा पुर्नस्थापना गरिएको ।
- हराएका २,३१३ बालबालिकाको खोज तलास गरी र बेवारिस फेलापरेका ३१३ सहित १,४३४ (बालक ६०५ र बालिका ८२९) जना बालबालिकाको उद्धार गरी पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गरिएको ।
- १२ जिल्लामा सञ्चालित १२ वटा हेल्पलाइनबाट चालु आर्थिक वर्षको फागुनसम्म १३०३ बालबालिकाको उद्धार गरी राहत, मनोविमर्श र पारिवारिक पुनर्मिलन तथा पुर्नस्थापना गरिएको छ भने ४ हजार ६९४ जना बालबालिकालाई आवश्यक अन्य राहत सहयोग समेत प्रदान गरिएको ।
- विशेष हेरचाहको आवश्यकता भएका बालबालिकाका लागि संचालित ५३३ वटा बालगृहहरुमा १५ हजार ४५ बालबालिका संरक्षित रहेका छन् ।ती मध्य २०० वटाको अनुगमन गरि आवश्यक पृष्ठपोषण गरिएको छ ।
- सिंहदरबार परिसरमा संचालित दिवा शिशुस्याहार केन्द्रमा ८१ जना शिशुहरुले सेवा प्राप्त गरिरहेका छन ।
- प्रदेश नं ३ मा दिवा शिशु स्याहार केन्द्र संचालनको लागि जिल्ला बालकल्याण समितिको भवनको मर्मत तथा आवश्यक नयाँ संरचनाको निर्माण गर्ने कार्य सम्पन्न भई फर्निसिङ लगायतका कार्य भईरहेको ।
- कानूनको विवादमा परेका बालबालिकाहरुको बाल अधिकारको संरक्षण तथा बाल न्याय प्रवर्द्धनका लागि सञ्चालित बाल सुधार गृहहरुमा रहेका ११० जना बालबालिकालाई सीप विकास तथा व्यवसायिक तालिम प्रदान गरिएको ।
- ''सुनिश्चित बाल अधिकार, समृद्ध नेपालको आधार'' नारा सहित बालदिवस भव्यताका साथ सम्पन्न भएको।
- नेपाल बाल संगठन र बाल मन्दिरहरुको संस्थागत औचित्य, नीतिगत व्यवस्था, संघीय ढाँचामा संरचनागत प्रबन्ध र आवश्यक सुधारका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न पूर्व मुख्य न्यायधिश श्री हरिबाबु भट्टराईको अध्यक्षतामा ५ सदस्यीय उच्चस्तरीय छानवीन, अनुसन्धान तथा सुझाव आयोग गठन भइ कार्य भइरहेको ।
- प्रदेश सामाजिक विकास मन्त्रालय मार्फत सबै स्थनीय तहमा परिपत्र गरि अनाथ बालबालिकाको तथ्याङ्क संकलन कार्य भइरहेको ।

## अपाङ्गता भएका व्यक्ति सम्बन्धी

- समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम अन्तर्गत विभिन्न संघ संस्थाहरुको समन्वयमा अपाङ्गता भएका व्यक्तिहरुलाई १६१६थान विभिन्न प्रकारका सहायक सामग्री वितरण गरिएको ।
- स्रोत कक्षा संचालन भएका १० सामुदायिक विद्यालयमा अपाङ्गमैत्री खेल परिसर निर्माणका लागि स्थानीय तह मार्फत विद्यालयलाई बजेट पठाइएको ।
- अपाङ्गता ग्राम स्थापनाका लागि सातै प्रादेशिक सामाजिक विकास मन्त्रालयलाई सशर्त अनुदान पठाइएको ।
- दृष्टिविहीन अपाङ्गता भएका महिलाहरुको लागि सुरक्षित आवास तथा तालिम केन्द्रको भवन काठमाडौंको डाँछीमा निर्माण हुदै गरेको ।
- कोरोना भाइरसको संक्रमणबाट खगेन्द्र नवजीवन केन्द्रमा रहेका अपांगता भएका व्यक्तिहरु लाई जोगाउन स्यानिटाइजर, मास्क, साबुन तथा राष्ट्रिय अपाङ्ग महासंघ मार्फत, cathetar, urine bag, poly जस्ता सरसफाईका सामग्री उपलब्ध गराईएको ।
- कोशिस संस्थामा रहेका मनोसामाजिक अपांगता भएका २६ जना व्यक्तिलई कोरोना भाइरसको संक्रमणबाट जोगाउन स्यानिटाइजर, मास्क, साबुन तथा थप खाद्यान्न उपलब्ध गराईएको।
- सबै पुनर्स्थापना केन्द्रहरुमा Covid- 19 को सम्भावित जोखिम बारे राष्ट्रिय अपाङ्ग महासंघको सहयोगमा सचेतना र पुनर्स्थापन केन्द्रहरुको जानकारी लिई आबश्यकता अनुसार सरसफाईका सामग्री तथा खाद्यान्न उपलब्ध गराउन समन्वय भईरहेको ।

## ज्येष्ठ नागरिक सम्बन्धी

- २०० स्थानीय तहमा ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र संचालन गर्न सम्बन्धित स्थानीय तहमा कार्यविधि सहित सशर्त अनुदान पठाइएको ।
- ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने अन्तरपुस्ता ज्ञान सीप हस्तान्तरणको कार्यविधि निर्माण गरिएको ।
- यस मन्त्रालय, काठमाडौं महानगरपालिका तथा मानवसेवा आश्रम सँगको समन्वय र सहकार्यमा काठमाडौं उपत्यकाबाट ३६० जना सडक मानवको उद्दार गरी पारिवारिक पुर्नमिलन तथा पुर्नस्थापना गरिएको । त्यस्तै सुनसरीको धरानबाट १६ जना र झापाको दमकबाट १७ जनाको सडक मानवको उद्दार गरी संरक्षण, हेरचाह भईरहेको।
- सहयोगापेक्षी सडक मानवमुक्त अभियान देशैभरि संचालन गर्न प्रदेश सरकार, स्थानीय तह र संघ संस्थाहरु सँग सहकार्य प्रारम्भ गरिएको ।
- पशुपति वृद्धाश्रममा १४० जना लाई भरणपोषण सहित आश्रय र हेरचाह भईरहेको ।
- विश्व ज्येष्ठ नागरिक दिवस साप्ताहिक रुपमा विभिन्न कार्यक्रम गरी मनाईएको र मूल समारोह समितिको अन्तिम कार्यक्रम सम्माननीय राष्ट्रपतिज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको ।
- काठमाडौं उपत्यकामा बिभिन्न वृद्धाश्रम साधारण सरसफाईका समान तथा खाध्य संकट भएका वृद्धाश्रमहरुमा राहत सामग्री वितरण गरिएको | जोखिम न्यूनीकरणको लागि

तत्कालको लागि दिवा सेवा केन्द्र बन्द गरिएको | राहत वितरण र अन्य सेवामा प्राथमिकतामा राख्न सरोकारवाला निकायमा पत्राचार गरिएको | पशुपति वृद्धाश्रममा स्वास्थ्यकर्मी सहित स्वास्थ्य उपकरण उपलब्ध गरिएको | जेष्ठ नागरिकका बिषयमा सहजीकरण, समन्यव र सहकार्यको लागि सम्पर्क व्यक्ति तोकिएको तथा जेष्ठ नागरिक आश्रमहरुमा परेको समस्या तथा राहतको अवस्था बारेमा दैनिक रुपमा सम्पर्कमा रहने गरिएको ।

<u>संघ संस्था समन्वय सम्बन्धी</u>

- १७ पटक सहजीकरण समितिको बैठक सम्पन्न गरी समाज कल्याण परिषद्बाट सिफारिस भै आएका रु. ३,७२,७७,८९,५२० रकम बराबरको १४ वटा परियोजना सम्झौता उपर सहमति प्रदान गरिएको ।
- अ.गै.स.स.मा काम गर्न आउने विदेशीहरुका लागि कार्य सहमति सिफारिस - २६ वटा
- गैरपर्यटकीय/प्रवेश विन्दु प्रवेशाज्ञाका लागि सिफारिस - २४ वटा
- भन्सार महशुल, मु.अ.क. एव आयात इजाजतको सिफारिस - ४ वटा

## आ व २०७६।७७ मा मन्त्रालय अन्तर्गत संचालित आयोजनाको २०७६ चैत महिना सम्मको वित्तीय र भौतिक प्रगति

**(रु. हजारमा)**

| स.न. | ब.उ.शि.न. | कार्यक्रमको नाम | वार्षिक वजेट | दोस्रो चौमासिक (रु हजारमा) | | | | चैत सम्मको खर्च | चैत सम्मको वित्तीय प्रगति(%) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विनियोजित रकम | खर्च रकम | भौतिक प्रगति (%) | वित्तिय प्रगति (%) | | |
| १ | ३४००००११ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय p1 | ७९०६९ | २८६३२ | २६४३० | ९९ | ९२.३० | ४७५६५ | ६०.१६ |
| २ | ३४००००१२ | समाज कल्याण केन्द्रहरु p1 | २६३०० | ८६३० | ४६११ | १०० | ५३.४३ | ११६४० | ४४.२६ |
| ३ | ३४०००१०१ | महिला सशक्तीकरण कार्यक्रम p1 | ५०४०० | १६२३४ | २०९८ | ६२.५ | १२.९२ | २३५११ | ४६.६७ |
| ४ | ३४०००१०२ | समाज कल्याण कार्यक्रम (ज्येष्ठ नागरिक कार्यक्रम समेत) p1 | १७३०००० | ७३८८३ | २०५५१ | ८४.०४ | २७.८१ | २१६४० | १२.५० |
| ५ | ३४०००१०३ | वालकल्याण कार्यक्रम p1 | ५७४५७ | २०६१२ | ८६४३ | ४१.६६ | ४१.९३ | १८७८५ | ३२.६९ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ३४००११ ०१ | महिला विकास कार्यक्रम p1 | ३४४०० | ८८१५. | ५२५३. ७४ | ८६.२१ | ५९.६० | १५७५७ | ४५.८० |
| ७ | ३४०००१ ०४ | लैंगिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम p1 | ८००० | ३२३३ | २०१५ | ७५ | ६२.३२ | २२४२ | २८.०२ |
| ८ | ३४०४१० ११ | समाज कल्याण परिषद् p2 | ५००० | ४००० | ३००० | ७५ | ७५ | ३००० | ६० |
| ९ | ३४०८१० ११ | वालकल्याण समिति p2 | १३०९० ० | ४९००० | २७०५६ | ९४.८५ | ५५.२२ | ३८६०३ | २९.४९ |
| १ ० | ३४०००१ ०५ | राष्ट्रपति महिला उत्थान कार्यक्रम p2 | २२५५० ० | १०१६४ ० | ३९४४७ | ७० | ३८.८१ | १९८१६ | ८.७९ |
| | | **जम्मा** | ७९००२ ६ | २१६०९ ५ | ७०५४२ | | ३२.६४ | २०२५५९ | २५.६४ |

**१०.** http://www.mowcsc.gov.np **मा वार्षिक प्रगति प्रतिवेदन राखिएको**

**११. मन्त्रालयको वेबसाइटः** http://www.mowcsc.gov.np

**१२. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण**

**आ.व. २०७६।०७७ को यस अवधिमा माग भएको सूचनाको विवरणः**

चार वटा माग भएकोसूचना उपलब्ध गराईएको । जस मध्ये दुई वटा सूचना लिखित र दुई वटा ईमेल मार्फत उपलब्ध गराईएको ।

**१३. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन हुने विवरण**

http://dwd.gov.np/en

http://ncrc.gov.np/

http://www.swc.org.np/downloads/